आदरणीय गाँउसभा सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलन जनयूद्द जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेकाछौ र ताँजाकोट गाउँपालिका भरिका सबै मानिसहरुको **कोख देखि शोक सम्मको** सबै ग्यारेन्टी समेत हामिले लिनुपर्ने जिम्मेवारि समेत भएको हुनाले यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, दलित गरिव र पिछडिएका मानिसहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

<u>विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )</u>

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीवाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस

लोकेश जैसी
अध्यक्ष

सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सवैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी वढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा व्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृध्दिको लक्ष्य प्रासिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय वमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा वजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सवै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय वमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. स्थानीय उत्पादनलाई वजारको उपलब्धता गराउनु ।
३. गुणस्तरीय बीउविजन समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीवाट फर्केका सीप युक्त युवाको सीप तथा पुंजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, वाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवस्थित वस्ती विस्तारको क्रम रोक्नु तथा व्यवस्थित वस्ति विकास गर्नु।

११. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरू वाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।

१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगावालुवा ,गिट्टी ,) को मापदण्ड अवलम्वन नगरि अत्यधिक दोहन रोक्नु ।

१४. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्वन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्वन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियावाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अनुसरण गर्दै शासकीय प्रवन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसवाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश



Scanned with CamScanner

सरकारवाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**हाल सम्म यस गाउँपालिकामा भएका उपलब्धीहरूको संक्षिप्त विवरण**

१. यस गाउँपालिका ५० किमि कच्ची सडक रहेकोछ । गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ।गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ ।गाउँपालिकावाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ ।

२. गाउँपालिकाका विभिन्न वडामा केहि हद सम्म सिचाईको व्यवस्था भएकोछ ।जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ ।

गाउँपालिकामा रहेको १० शैय्याको अस्पतालको काम अन्दाजी ३० प्रतिशत भएकोछ। कार्यालयवाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोवार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ ।

३. विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता वढेकोछ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण कार्य भैरहेकछ ।

४. गाउँपालिकाको दैनिक आर्थिक र प्रशासनिक कार्यसम्पादनका लागी गाउँपालिकाको आफ्नै स्वामित्वको प्रशासकीय भवन निर्माणाकको काम अन्तिम अवस्थामा रहेको छ ।

५. सवै वडामा आफ्नै स्वामित्व भएको वडा कार्यालयकाको भवन निर्माण भइ कार्यसंचालनहुदै आएकोछ।

६. सवै वडाहरुमा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन भएको छ ।जसमा वडा नं ५ र २ मा स्वास्थ्य चौकी छन भने वडा नं १ ३ र ४ मा सामुदायिक स्वास्थ्य इकाई संचालन हुदै आएका छन ।दुई वटै स्वास्थ्य चौकीले वर्थिङ्ग सेन्टरको रुपमा काम गर्दै आएका छन।

७. यस ताँजाकोट गाउँपालिकाका सवै सामुदायिक विद्यालयमा गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयार पारी पठनपाठनको व्यवस्था मिलाइएको छ ।

८. यस गाउँपालिका वडा नं ४ स्थित श्री चन्द्रप्रकास माविमा कृर्षि बालिविज्ञान सम्वन्धि कक्षा ९-१२ सम्म अध्यनको लागी कक्षा यसै आर्थिक वर्ष २०७९।०८० वाट संचालन हुदै आएको छ ।

हाल सम्म गाउँपालिकामा ५ किमि कृषि सडक निर्माण भएकोछ । कृषि सहकारीसंस्थालाइ व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ ।विगत आर्थिक वर्षझै यस आर्थिक वर्षमा कृर्षि क्षेत्रमा उन्नतजातका विउविजन र विरुवाहरुको व्यवस्था भएकोछ र पशु विकास क्षेत्रमा उन्नत जातका खसि वोका र कुखुराका चल्लाहरुको व्यवस्थापन भएको छ।



लालकेश जैसी
अध्यक्ष

Scanned with CamScanner

९ गाउँपालिकाले १३ वटा ऐन, १ नियमावली, २८ कार्यविधि, १ निति , ३ निर्देशिका र १ प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९२.२५ अंक प्राप्त गरेको छ ।

१० गाउँपालिकाका प्राय सामुदायिक विद्यालयमा नयाँ पक्कि संरचनाको निर्माण भएका छन र विद्यालयमा गाउँपालिकाले विषयगत शिक्षकको करार सेवा मार्फत नियूक्ति गरि पठनपाठनको व्यवस्थापन गरेको छ।

११ गाउँपालिकाका सवै मानिसहरुको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै निशुल्क वितरणका लागी औषधि खरिद गरि स्वास्थ्य संस्था मार्पत सेवा प्रदान हुने व्यस्था भएको छ र स्थानीय स्तरमा स्वास्थ्य तथा सरसफाई सम्वन्धि अभियान संचालन भएका छन।

१२ भौगलिक रुपले आवतजावत गर्न कठिनाईहुने खोलानालाहरुमा आवश्यक झोलुङ्गे पुलको व्यवस्था भएको छ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाका सदस्यज्यूहरु ,

अव म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास संम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित स्थानीय शैक्षिक पाठ्यक्रमको विकास गरी पालिका भरिका सवै विंद्यालयमा पठनपाठनको व्यवस्था मिलाइ सकेको हुनाले त्यसलाई निरन्तरता दिइने छ र त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको वोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षामा दिन जोड दिइनेछ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. विद्यालय वाहिर रहेका र विच मै विद्यालय छोड्ने बालवालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

५. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

६. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

७. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरवन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

८. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्रासिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुवाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा वालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१०. केहि विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापना भएको छ भने बाँकी विद्यालयमा स्थापना गर्ने नीति लिइनेछ।

११. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिनेछ।

१२. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्वन गरिनेछ।

## २ संस्कृति पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

४. गाउँपालिका भित्र सवै ठाँउमा मनाइने स्थानीय चाडपर्वलाई प्रोत्साहन र संरक्षण गर्न जोड दिइने छ ।

## ३ युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रवन्ध मिलाइनेछ।

Scanned with CamScanner

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन विजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

६. युवा वेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. "एक वडा, एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

८. विपन्न, गरिव र परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीवी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

९. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिव, आदिवासी जनजाति र सामाजिक वहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१० बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

११ गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

लालकेश जैसी
अध्यक्ष

Scanned with CamScanner

१२ मानव विकास सुचाँकमा पछि परेका समुदाय चौतारीगाउँ, अइडिखोला, खर्रा देउलागैरा , चिहि दलितवाडा जस्ता वस्तिहरुका बासिन्दाको जिवनस्तर उकास्न विषेश कार्यक्रमका लागी वजेटको व्यवस्था गरिनेछ, यसका साथै विवन्न समुदायका घर एकिन गरि निजलाई खर छानामुक्त घर निर्माणका लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

५ स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, स्वास्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रवन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. वर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

६. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्वुलेन्स सेवालाई प्रभावकारी गरिनेछ भने सुत्केरी महिलालाई निशुल्क सेवा प्रदान गरिनेछ ।

७. गाउँपालिकाक्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१०.स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

११.सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१२.गाउँपालिकाका सवै मानिसहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै समय समयमा पालिका भरि निशुल्क स्वास्थ्य तथा सरसफाई अभियान संचालन हुदै आइरहेको छ अझै यसलाई प्रभावकारी गरिनेछ ।

१३.स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन आवश्यक औषधि तथा उपकरण खरिद गरि स्वास्थ्य संस्थाको स्थितिमा सुधार गरि नागरिकलाई निशुल्क औषधि उपचारको गर्ने व्यवस्थाका लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

Scanned with CamScanner

## ६ आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ ।

३ स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

## ७ उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा व्यावसायिक विकासका लागि गाउँपालिकाका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी वनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

६. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

७. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

८. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

९. अन्तर गाउँपालिका सम्वन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकासँग सम्वन्ध विस्तार गरिनेछ।

अध्यक्ष

१०. यस ताँजाकोट गाउँपालिकाका पर्यटकिय स्थल वडा नं ५को खौला लाई पर्यटिय स्थल पार्क र वडा नं ३ को नाउलि क्षेत्रलाई होमेस्टेको रुपमा विकास गरि पर्यटकीय विकास गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

८ कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१ खेत वारीमा फलफुलका वोट आर्थिक समृदिका लागी उत्पादनमा जोड भन्ने भनाईलाई ध्यानमा राखी उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२ रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रवन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना तयार गर्न दक्ष जनशक्ति तयार गरिनेछ।

३ कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४ गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५ उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।वजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न व्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।

६ व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

७ मासु पसल तथा वधशालाहरुको पूर्वाधारको व्यवस्थापन गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

८ तरकारी उत्पादनको लागि व्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

९ सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।



लालकेशरी जैसी
अध्यक्ष

Scanned with CamScanner

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ। काम साझो स्वामित्व निजिको नितिलाई अख्तियार गरिनेछ ।

**१०सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिका सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. गाउँपालिका क्षेत्र भित्रवाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

**११न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गर्न पहल गरिनेछ ।

**१२सुशासन , सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

लालकेश जैसी
अध्यक्ष

Scanned with CamScanner

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी वनाईनेछ ।
७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफटवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गरिनेछ।
१०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
११. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान् गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
१३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

**१३ वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. खानेपानी तथा सरसफाई**

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

अध्यक्ष

Scanned with CamScanner

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुवाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्वन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

८. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

९. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन पहल गरिनेछ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्वन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

५. ढुंगा गिट्टि वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

Scanned with CamScanner

६. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।
७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
९. सम्वेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ।

**१४भौतिक पूर्वाधार विकास शहरी योजना, वस्ति विकास, आवास तथा पुर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम**

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
४. दिर्घकालिन लगानी गरि गाउँपालिकाको सड्क विकास गर्न सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
५. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
६. एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
८. एकिकृत वस्ति विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु संचालन गर्न प्राथमिकता दिइनेछ।
९. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा वजेट विनियोजन गरिनेछ।



अध्यक्ष

Scanned with CamScanner

१०.घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्वन्धमा निःशुल्क परामर्श दिईनेछ।

११.नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्वन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माणगर्ने नीतिलाई लागु गर्न पहल गरिनेछ

१२.गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१३.भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१४.गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१५.गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१६. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१७."एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१८.पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१९. गाउँपालिका भित्र रहेका सवै सड्क खण्डको स्तर उन्नोति गरि ग्राविलिङ् र पिचका लागी विशेष पहल गरिनेछ ।

**१५राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत विक्रि सम्वन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

लालकेशर जैसी
अध्यक्ष

Scanned with CamScanner

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर वहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी वहाल रकम पुनरावलोकन गरिनेछ।

७. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्वन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी विक्री गर्ने विधि अवलम्बन गरिनेछ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९. कर र प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

१०. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

**१६ गैर सरकारी तथा अन्तराष्ट्रिय संघ संस्थाहरु**

स्थानीय पुर्वाधार सहयोग कार्यक्रम

१ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलटबाट प्रास भएका सिकाई र राम्रा अभ्यासहरुलाई संस्थागत गर्दै स्थानीय पूर्वाधार विकास आयोजनाहरुलाई दिगो, प्रभावकारी, नतिजामुखि र वातारणमैत्री वनाउने र यी सिकाई र राम्रा अभ्यासहरुलाई एकिकृत गरी "स्थानीय पुर्वाधार विकास आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" लाई संसोधन गर्दै लगिनेछ।

२ स्थानीय तहमा सम्पन्न भएका आयोजनाहरुको निरन्तर मर्मतसम्भार कार्य सञ्चालन गर्नका लागि स्थापित स्थानीय पूर्वाधार मर्मत सम्भार सहयोग कोषको छुट्टै खाता खोल्ने निर्देशिका "स्थानीय तह मर्मत सम्भार कोष खाता स्थापना सम्बन्धी निर्देशिका, २०८०" लाई पारित गरि कार्यान्वयन गरिनेछ।

३ संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि ,२०८०" सर्वसहमतिले पारित गरि कार्यान्वयन गरिनेछ।

४ यस पालिकामा विगत वर्षहरु देखि नै स्थापना गरिएको मर्मत सम्भार सहयोग कोषको सञ्चालन तथा व्यवस्थापन कार्यविधिले निर्दिष्ट गरे अनुरुप सञ्चालन गर्ने र सो कोषको प्रभावकारी लेखा व्यवस्थापनका लागि छुट्टै खाता खोली सोही खाताबाट मर्मतसम्भार कार्यका लागि खर्चको फाँटवारी व्यवस्थापन गरिनेछ।

५ स्थानीय पुर्वाधार विकास आयोजनाहरुको छनौट तथा प्राथमिकता निर्देशिकाले तोकेको मापदण्ड बमोजिम गर्ने र सो कार्यका लागि हरित पुर्नलाभ तथा समावेशि विकास पद्धतिको (GRID Approach) पुर्ण अवलम्बन गरिनेछ।

अध्यक्ष



Scanned with CamScanner

६ वित्तिय समानीकरण अनुदान मार्फत सञ्चालन हुने स्थानीय पूर्वाधार आयोजनाहरुको कार्यान्वयन "स्थानीय पूर्वाधार विकास आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" वमोजिम गरिनेछ।

७ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्वन्धी जानकारी, सूचना, तथ्यांक आदिमा विद्युतिय माध्यमवाट शिघ्र पहुँच प्राप्त गर्नका लागि यस पालिकाको वेवसाइटमा एक छुट्टै पेज स्थापना गर्ने र यस सम्वन्धी सूचनाहरु अद्यावधिक गरिनेछ।

८ हालसम्म यस पालिकाको रोजगार शाखामा सुचिकृत हुन आएका वेरोजगार व्यक्तिहरुको सुचिलाई आवधिक रुपमा अद्यावधिक गर्दै लगिनेछ।

अन्य

यस ताँजाकोट गाउँपालिकामा उत्कृष्ट विद्यालय उत्कृष्ट शिक्षक उत्कृष्ट कृषक उत्कृष्ट स्वास्थ्यकर्मि उत्कृष्ट कर्मचारी लगायतका पालिका भरि आ आफ्नो व्यववसाय र पेशा प्रति उत्कृष्ट कार्यसम्पादन गर्ने व्यक्ति समुह वा संघ संस्थालाई मनोवल उच्च राख्न आवश्यक पुरुस्कारका लागी उचित वजेटको व्यवस्था गरिनेछ ।

लालकेश जैसी
अध्यक्ष

धन्यवाद

लालकेश जैसी

अध्यक्ष ताँजाकोट गाउपालिका हुम्ला

यस सभाका सभाध्यक्ष ज्यु गाउँ सभाका सदस्य ज्युहरु यस आर्थिक वर्ष २०८०।०८१ को ताँजाकोट गाउँपालिको विनियोजन ऐन २०८० यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

लालकेश जैसी
अध्यक्ष



Scanned with CamScanner

ताँजाकोट गाउँपालिका/

# गाउँ कार्यपालिकाको कार्यालय [illegible]खुर हुम्ला

आर्थिक बर्ष २०८०/०८१मा १३औ गाउँशभावाट विनियोजित बजेट

| क स | योजनाको नाम | श्रोत | रकम |
|---|---|---|---|
| | संघिर सरकार र प्रदेश सरकारबाट राजश्व बाँडफाडवाट प्राप्त बजेट विनियोजन | | |
| १ | कर्मचारीहरुको तलव भत्ता र प्राविधिक शाखाका कर्मचारीको फिल्ड भत्ता | राजश्व | २००००००० |
| २ | जनप्रतिनिधिको सेवा सुविधा | राजश्व | ५०००००० |
| ३ | जनप्रतिनिधिको र कर्मचारीको अन्य भत्ता | राजश्व | १०००००० |
| ४ | घर भाडा | राजश्व | ५००००० |
| ५ | कर्मचारी र प्रतिनिधिको इन्धन खर्च | राजश्व | १५००००० |
| ६ | कार्यालय व्यवस्थापन तथा मसलन्द खर्च | राजश्व | १८००००० |
| ७ | वडा कार्यालय स्वास्थ्य संस्था र गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको आव २०७९/०८०को भुक्तानी दिन बाँकी र आव २०८०/०८१ आवको तलव भत्ता | राजश्व | ९५००००० |
| ८ | गाउँपालिकामा विभिन्न योजनाहरुको डिपिआर ,प्रोफाइल र डकुमेन्ट्री निर्माणका लागी सेवा परामर्श | राजश्व | १५००००० |
| ९ | गाउँपालिकाको विविध खर्च | राजश्व | ३१५०००० |
| १० | पत्र पत्रिका र सुचना छपाई तथा संचार | राजश्व | १०००००० |
| ११ | अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च | राजश्व | १३४०७०० |
| १२ | वडा नं १ वडा कार्यालय चालु | राजश्व | ९५०००० |
| १३ | वडा नं २ वडा कार्यालय चालु | राजश्व | ९५०००० |
| १४ | वडा नं ३ वडा कार्यालय चालु | राजश्व | ९५०००० |
| १५ | वडा नं ४ वडा कार्यालय चालु | राजश्व | ९५०००० |
| १६ | वडा नं ५ वडा कार्यालय चालु | राजश्व | ९५०००० |
| १७ | ५ वटा वडामा मिल भवन निर्माण | राजश्व | १०००००० |
| १८ | प्रशासकीय भवन र १० शैयाको अस्पताल लगायतका भवनको जग्गा खरिद बापत रकम भुक्तानी दायित्व | राजश्व | १०००००० |
| ख | जम्मा रु | | ५३०४०७०० |
| | संघिर सरकार र प्रदेश सरकार वित्तीय समानिकरण र आन्तरिक श्रोत | | |

लालकेश जैसी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १ | प्रदेश सरकार समपुरक अनुदान कोष फिर्ता | समानिकरण | ६१९०००० |
| २ | गाउँपालिकाका सवै सामुदायिक बिद्यालयमा कार्यरत करार शिक्षकहरुको तलव भत्ता र आर्थिक वर्ष २०७९/८० को तलव भत्ता र शिक्षा कार्यक्रमको दायित्व | समानिकरण | १९२३२००० |
| ४ | स्वास्थ्य तर्फ ओषधि तथा उपकरण र अन्य कार्यक्रम संचालन | समानिकरण | २५००००० |
| ५ | कृषि तर्फ विभिन्न कार्यक्रम संचालन | समानिकरण | १०००००० |
| ६ | शिक्षा तर्फ विभिन्न कार्यक्रम संचालन | समानिकरण | १०००००० |
| ७ | पशु शाखा तर्फ विभिन्न कार्यक्रम संचालन | समानिकरण | ५००००० |
| ८ | मर्मत संम्भार विपद व्यवस्थापन तथा भैपरी आउने खर्च | समानिकरण | ४०००००० |
| ९ | वडा नम्वर एक खानेपानी योजना | समानिकरण | ५०००००० |
| १० | चिहि कृर्षि तथा फलफुल घेरवार ताँजाकोट ५ | समानिकरण | २५००००० |
| ११ | लोटपाटा भदौरा दलितवाडा र सेरी खानेपानी ताँजाकोट ५ | समानिकरण | २०००००० |
| १२ | डप्क खानेपानी ताँजाकोट ५ | आन्तरिक श्रोत | ५००००० |
| १३ | तुलधारा कोइराला फलफुल घेरवार तथा सिचाँई ताँजाकोट ४ | समानिकरण | २७००००० |
| १४ | पैमा सिचाई कुलो निर्माण ताँजाकोट ४ | समानिकरण | १५००००० |
| १५ | महादेव मन्दिर निर्माण योजना | समानिकरण | ४००००० |
| १६ | जनमुखी वावलिकास केन्द्र भवन निर्माण | समानिकरण | ४००००० |
| १७ | जेंरामखोपा पलो फलफुल खेती घेरवार योजना ताँजाकोट | समानिकरण | ४०००००० |
| १८ | सियाला कागति टिमुर र ओखर खेती घेरवार | समानिकरण | ४०००००० |
| १९ | खोला.खेत सुन्तला खेति घेरवार | आन्तरिक श्रोत | ३००००० |
| २० | शहिद परिवार घाइते अपाङ्ग र र द्वन्द प्रभावित लक्षित कार्यक्रम | आन्तरिक श्रोत | २५०००० |
| २१ | न्याय, कानून तथा मानव अधिकार क्षेत्रका कार्यक्रम | समानिकरण | १०००००० |
| २२ | सुशासन, सार्वजनिक सेवा कार्क्रम | समानिकरण | १०००००० |
| २३ | गत वर्षका दायित्व भुक्तानी | समानिकरण | ९०००००० |
| २४ | महिला तथा वालवालिका र समावेसिकरण | समानिकरण | ५००००० |
| २५ | यूवा तथा खेलकुदका कार्यक्रम संचालन खर्च | आन्तरिक श्रोत | ५००००० |
| २६ | पुल देखी मासपुर गाउँ सम्म घो बाटो निर्माण | आन्तरिक श्रोत | ५००००० |
| २७ | मदना देव मावि आवास संचालन तथा व्यवस्थापन | समानिकरण | १०५०००० |

लालकेश जैसी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २८ | कवाडी लघु जलविधुत आयोजना | समानिकरण | २०००००० |
| २९ | श्री क्षेत्रपाल आवि भवन निर्माण म्याचिङ्ग फन्ड | समानिकरण | २८२८००० |
| ३० | स्थानीय संस्कृति प्रवर्धन तथा संरक्षण कार्यक्रम | आन्तरिक श्रोत | ७००००० |
| ३१ | अति विपन्न वर्ग औषधी उपचार खर्च | आन्तरिक श्रोत | ५००००० |
| ३१ | गाउँपालिका केन्द्र खानेपानी योजना | समानिकरण | १०००००० |
| ३२ | खला खेत सिचाँई योजना | समानिकरण | ३००००० |
| ख | जम्मा रु | | ७८८५०००० |
| | कुल जम्मा रु (क+ख) | | १३१८९०७०० |

लालकेश जैसी
अध्यक्ष

Scanned with CamScanner